मोहन्याल गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

# आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९

कार्यपालिकावाट स्वीकृति मितिः २०७९/११/१२

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना :** लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रूपले विपन्न निरपेक्ष गरिबीको रेखामुनि रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिक तथा प्राकृतिक प्रकोपमा परेका व्यक्तिहरूलाई आर्थिक सहायता दिन आर्थिक सहायता प्रदान सम्बन्धी कानून बनाउन वाञ्छनीय भएकोले मोहन्याल गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "मोहन्याल गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** – विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले मोहन्याल गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले मोहन्याल गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनि रहेको भनि प्रमाणित भएका, मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अंगहरुका रोगी एवं. क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं. बेचविखनमा परेका महिलाहरु, जोखिमपूण श्रममा संलग्न भएको, हराएको, बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुव्र्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुव्र्यवहार, बेचविखन ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी.एडसबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा, दैविक प्राकृतिक प्रकोप वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको बुझ्नु पर्दछ ।

(घ) "न्यायिक समिति" भन्नाले मोहन्याल गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले मोहन्याल गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मोहन्याल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद– २
## आर्थिक सहायता सम्बन्धि मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता-**

(१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क), क्यान्सर, मृगौला प्रत्यारोपण, प्यारालाइसिस, मेरुदण्ड पक्षाघात, पार्किन्सन, अल्जाईमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकल्सेल एनिमिया तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

स्पष्टीकरण "आवश्यक कागजात भन्नाले आर्थिक रूपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि आवश्यक कारबाही गरी आर्थिक सहायता दिनु पर्ने भएमा बिरामीको अवस्था हेरी अध्यक्ष तथा उपाध्यक्षसँगको समन्वयमा अध्यक्षको तोकादेश बमोजिम प्रमुख प्रशासकीय अधिकृतले रु. दश हजारसम्मको आर्थिक सहायता प्रदान गर्न सक्ने र सो भन्दा माथिको आर्थिक सहायता रकम गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रदान गरिनेछ । निःशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस समेत गर्न सकिनेछ ।

**४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता :**

(१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरूको तत्काल उद्धार गरी जीवनयापनको लागि गाउँ कार्यपालिकाको निर्णयानुसार बढीमा रू. २०,००० (बीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवं. पुनर्स्थापना लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रूपले विपन्न र पीडित बालबालिकालाई सहायताः**

(१) आर्थिक कारणले जोखिम पूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्त मनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक बालबालिका, एच. आई. भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार रु. २०,००० (बीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृह तथा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालन पोषणको व्यवस्था गर्न सकिनेछ ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

६. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता (सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बाहेक):

दलित ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ६८ वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताका लागि सम्बन्धित वडाबाट सामाजिक सुरक्षा भत्ताको सुविधा नपाउने व्यहोराको प्रमाणित सिफारिस सहित गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिब भएमा रु. १०,००० (दश हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि एक आ. व. मा एक पटकको लागि आवश्यक पहल गर्न सकिनेछ।

७. अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायताः

(१) आर्थिक रूपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको पालनपोषणको लागि विशेष परिस्थितिमा रू. ५,००० (पाँच हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ। तर त्यस्तो सहायता एक आ. व. को अवधिमा एक पटक मात्र प्रदान गरिनेछ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, गाँउपालिकाबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहित गाउँपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ।

८. अन्य आर्थिक सहायताः

(१) संकटहरु पूर्ण रुपमा समाधान गर्न नसकिने र न्यूनिकरणका उपायहरु अपनाउदा अपनाउदै गर्दा समेत संकट आइपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केही मात्रामा भएतापनि राहत पुग्ने महसुस गर्दै तपसिल अनुसारको शीर्षकमा तपसिल अनुसार आर्थिक सहायता प्रदान गरिनेछ।

| कारण | सहायता गर्न सकिने रकम रू. मा (काज किरिया खर्च वापत) |
|---|---|
| आगलागी बाट मृत्यु | १०,००० |
| दुर्घटना (करेन्ट, चट्याङ, साधन र औजारबाट मृत्यु) | १०,००० |
| रुख खोलानाला, भीरपहिरो आदि बाट मृत्यु | १०,००० |
| दैवि प्राकृतिक विपत्ति बाट मृत्यु | १०,००० |
| बेवारिसे मानिस (बाहिरबाट आएको वा गाउँपालिका भित्र) | ५,००० (तत्काल व्यवस्थापन गर्नु पर्ने अवस्थामा) |
| गाउँपालिका भित्रको ठाउँ ठेगाना खुल्ने गरी बाहिर गएर मरेको | १०,००० |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| गाउँपालिकाको स्थायी बासिन्दा वैदेशिक रोजगारका क्रममा मृत्यु भएको | १०,००० |
| विषालु पदार्थ सेवन (जस्तै पानीमा विष परेको बाट मृत्यु भएको , विषालु च्याउ जस्ता पदार्थको सेवन गरि मृत्यु भएको) | ५,००० |
| जनावरको आक्रमणबाट मृत्यु (हात्ती, सर्प, बाघ, भालु, कुकुर आदी) | ५,००० |

(२) घाइते उपचारको लागि तथा भौतिक निर्माण सहयोगको लागि

| कारण | सहायता गर्न सकिने रकम | |
|---|---|---|
| | गम्भीर | सामान्य |
| जनावर आतङ्क / आक्रमण | १०,००० | ५,००० |
| आगलागी | १०,००० | ५,००० |
| बाढी पहिरो (तत्कालका लागि) | १०,००० | ५,००० |
| हुरी बतास | १०,००० | ५,००० |
| चटयाङ्ग | १०,००० | ५,००० |
| मानविय र दैविक तथा प्राकृतिक विपत्ति (रुख बाट खसेको, भूकम्प आदि) | १०,००० | ५,००० |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद– ३
## विविध

**९. निवेदनको ढाँचाः** दफा ३,४,५,६,७ र ८ अनुसार सहायता पाउन अनुसूची– १ को ढाँचामा निवेदन दिनु पर्नेछ।

**१०. अधिकार प्रत्यायोजन गर्न सकिने :** यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँ कार्यपालिकाले अध्यक्षसँग समन्वय गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ।

**११. सहायता सम्बन्धी बजेट व्यवस्थापन:**
यस कार्यविधिको अधीनमा रही खर्च गर्ने गरि वार्षिक रुपमा निश्चित रकम गाउँसभाबाट विनियोजन भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ। उक्त रकम अपुग हुने अवस्थामा तपसिल बमोजिम खर्च लेख्न बाधा पुगेको मानिने छैन।

(१) दुर्घटना तथा विपद् राहत व्यवस्थापन सम्बन्धमा गाउँपालिका वा वडास्तरमा रहेको विपद् व्यवस्थापन कोषबाट खर्च लेख्न।

(२) जटिल/कडा किसिमका रोगहरू तथा दीर्घ रोगीको सम्बन्धमा गाउँपालिकाको स्वास्थ्य सम्बन्धी कोष तथा कार्यक्रमबाट खर्च लेख्न।

(३) सहायता रकम मापदण्डमा उल्लेख भएभन्दा बढी प्रदान गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयबाट प्रदान गर्न सकिनेछ।

**१२. कार्यविधि संशोधन:** यस कार्यविधिमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**१३. बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइ परेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहने छ।

**१४. यसै बमोजिम भएको मानिने:** यस अघि वितरण भएको आर्थिक सहायता तथा सहयोगलाई यस कार्यविधिले बाधा पुगेको मानिने छैन र भए गरेका कामहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

प्रमाणित

## अनुसूची– १
(दफा ९ सँग सम्बन्धित)

मितिः

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मोहन्याल गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
खिमडी, कैलाली ।

**विषयः– आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,
प्रस्तुत विषयमा म/हामी ...... ..... ..... .... ..... ... समस्याले ग्रसित भई ... ... .... ....... ... .... ... .. .. गर्नका लागि त्यस कार्यालयको सहयोग आवश्यक भएको व्यहोरा अवगत गराउँदछु/छौं। उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएको हुँदा सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिनु हुन /निशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिलः
१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ताको प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. मुचुल्का
५. सरकारी कार्यालयबाट प्रमाणित कागजात सिफारीस
६. अन्य कागजातहरु आवश्यकता अनुसार

निवेदक नामः
ठेगानाः
हस्ताक्षरः

प्रमाणित

...ीय अधिकृत